## दाना पदार्थ ऐन, २०३३

लालमोहर र प्रकाशन मिति

२०३३।७।४

संशोधित गर्ने ऐन

न्याय प्रशासन ऐन, २०४८ २०४८।२।१६

## २०३३ सालको ऐन नं. ३४

## दाना पदार्थमा विशुद्धता कायम राख्न बनेको ऐन

प्रस्तावना : दाना पदार्थमा आवन्छनीय मिसावट रोक्न र दाना पदार्थमा रहेको कुनै स्वाभाविक गुण वा उपयोगिता घटाउन वा झिक्न नपाउने गर्न दाना पदार्थको उचित स्तर बनाई राख्न वान्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पन्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ :**

(१) यस ऐनको नाम "दाना पदार्थ ऐन, २०३३" रहेकोछ ।

(२) यस ऐनको विस्ता नेपालभर हुनेछ ।

(३) यो ऐन नेपाल सरकारले नेपालराजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको क्षेत्रमा तोकिदिएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा-

(क) "दाना पदार्थ" भन्नाले पशु, पंक्षी र माछाले खाने पिउने चीज वा चीजहरुका संमिश्रणबाट बनेको अरु कुनै खाने पिउने चीज सम्झनुपर्छ ।

(ख) "दुषित दाना पदार्थ" भन्नाले देहायको कुनै अवस्थाको दाना पदार्थ सम्झनुपर्छ ।

(१) दफा १० बमोजिम निर्धारित गरिएको स्तरभन्दा कमसल हुनेगरी प्रमुख अङ्गको परिमाण घटाइएको वा अर्को कुनै पदार्थ संमिश्रण गरिएको दाना पदार्थ,

(२) पंशु, पंक्षी र माछालाई हानीकारक हुने गरी सडेको, गलेको वा फोहोर मैला वा विषादि अवस्थामा राखिएको वा तयार गरिएको दाना पदार्थ,

(३) केही वा सम्पूर्ण भाग कुनै रोगी वा रोगकारक पशु, पंक्षी वा हानीकारक वनस्पतीबाट बनेको दाना पदार्थ,

(४) यस ऐन अन्तर्गत बनेको वा जारी गरिएको नियम वा आदेशमा तोकिएको न्युनतम आवश्यक गुणस्तरभन्दा घटेको वा अधिकतम गुणस्तर तोकिएकोमा सो भन्दा बढेको दाना पदार्थ ।

(ग) "दाना जाँचकी" भन्नाले दफा ५ बमोजिम नियुक्त भएको वा तोकिएको दाना जाँचकी सम्भनुपर्छ ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको वा जारी गरिएको नियम वा आदेशमा तोकिएको वा तोकिए बमोजिम सम्भनुपर्छ ।

३. **<u>दुषित दाना पदार्थको उत्पादन, बिक्री, वितरण, निकासी, पैठारी तथा संचय गर्न मनाही</u>** : कुनै व्यक्तिले दुषित दाना पदार्थको उत्पादन, बिक्री वितरण, निकासी, पैठारी वा संचय गर्न हुँदैन ।

४. **<u>ढाँटी भुक्याई दाना पदार्थको बिक्री वितरण गर्न नहुने</u>** : कसैले कुनै दाना पदार्थलाई अर्को दाना पदार्थ हो भनी वा कुनै निम्नस्तरको दाना पदार्थलाई माथिल्लो स्तरको दाना पदार्थ हो भनी ढाँटी वा भुक्याई बिक्री वा वितरण गर्न हुँदैन ।

५. **<u>दाना जाँचकीको नियुक्ती र अधिकार</u>** :

(१) यो ऐनको प्रयोजनको निमित्त नेपाल सरकारले दाना जाँचकी नियुक्त गर्ने वा तोक्नेछ ।

(२) यस ऐनको अन्य दफाहरुमा लेखिएदेखि बाहेक दाना जाँचकिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

६. **<u>दाना पदार्थ रोक्का राख्न सकिने</u>** :

(१) कुनै दाना पदार्थ दुषित हो भन्ने शंका लागेमा दाना जाँचकीले त्यस्तो दाना पदार्थ सिलवन्दी गरी सो दाना पदार्थको धनीलाई नै जिम्मा लगाई त्यसको भरपाई निजबाट लिई रोक्का राख्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम रोक्का भएको दाना पदार्थ दुषित हो भन्ने अनुसन्धानशालाको परीक्षणबाट ठहरिएपछि दाना जाँचकीको आदेशले सो दाना पदार्थ जफत हुन सक्नेछ र त्यस्तो दाना पदार्थ नष्ट गर्नुपर्ने रहेछ भने त्यसको नष्ट गर्न लाग्ने खर्च समेत दाना पदार्थको धनीले व्यहोर्नु पर्नेछ ।

७. **<u>अनुज्ञापत्र लिनुपर्ने</u>** :

(१) तोकिएको दाना पदार्थ उत्पादन वा बिक्री वितरण गर्न चाहने व्यक्तिले तोकिएको अधिकारीबाट तोकिए बमोजिम अनुज्ञापत्र लिनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सिलवन्दी भएका दाना पदार्थका हकमा अनुज्ञापत्र प्राप्त उत्पादक वा थोक बिक्रेताबाट तोकिए बमोजिम जमानतपत्र प्राप्त खुद्रा बिक्रेताले यस दफा बमोजिम अनुज्ञापत्र लिनु पर्नेछैन ।

८. **दण्ड सजाय** : यो ऐन वा यस ऐन अन्तर्गत बनेको वा जारी गरिएको नियम वा आदेशको उल्लघंन गर्ने व्यक्तिलाई पहिलो पटक पाँचसय रुपैयाँदेखि एकहजार रुपैयाँसम्म जरिवाना वा छ महीनासम्म कैद वा दुवै र दोस्रो पटकदेखि प्रत्येक पटक एकहजार रुपैयाँदेखि दुईहजार रुपैयाँसम्म जरिवाना र छ महीनादेखि दुई वर्षसम्म कैद हुन सक्नेछ ।

९. **फर्म वा संगठित संस्थाले गरेको अपराधको दायित्व** : कुनै फर्म वा संगठित संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको वा जारी गरीएको नियम वा आदेश उल्लघंन गरेमा फर्मको हकमा सो फर्मको धनी वा साझेदार र कुनै संगठित संस्था भए सो संस्थाको कामकाज गर्ने मुख्य प्रशासकीय अधिकारी दफा ८ को प्रयोजनको लागि सजायको भागी हुनेछ ।

तर आफू धनी, साझेदार वा त्यस्तो प्रशासकीय अधिकारी हुनुभन्दा अगावै गरेको काम कुराका हकमा वा सो उल्लघंन भएको कुरा थाहा पाउन नसक्ने स्थिति थियो भन्ने प्रमाणित गरेमा सो व्यक्ति त्यस्तो सजायको भागी हुनेछैन ।

१०. **दाना पदार्थको गुणस्तर तोक्ने अधिकार** : कुनै दाना पदार्थमा कुनै पदार्थको गुणस्तर वा मात्रा कुन परिधि भित्रको हुनुपर्छ भन्ने कुराका सम्बन्धमा नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आदेश दिन सक्नेछ ।

११. **दाना पदार्थको जाँच** : कुनै दाना पदार्थ दुषित हो वा होइन भन्ने कुराको परीक्षण तोकिएको अनुसन्धानशालामा गराइनेछ र त्यस सम्बन्धमा सो अनुसन्धानशालाको सम्बन्धित अधिकारीबाट प्रतिवेदन लिइनेछ ।

१२. **दाना स्तर निर्धारण समिति** : नेपाल सरकारले समय समयमा दाना स्तर निर्धारण गर्न एउटा दाना स्तर निर्धारण समिति गठन गर्न सक्नेछ ।

१३. **नेपाल सरकार वादी हुने** : यस ऐन अन्तर्गतको मुद्दा नेपाल सरकार वादी हुनेछ ।

१४. **मुद्दाको तहकिकात र दायरी** :

(१) यस ऐन अन्तर्गतको कसूरसित सम्बन्धित मुद्दाको तहकिकात दाना जाँचकीले गर्नेछ र तहकिकात पूरा गरी निजले मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्नेछ ।

(२) उपदफा (१) बमोजिम मुद्दा तहकिकात र दायर गर्दा दाना जाँचकीले सरकारी वकिलको राय लिन सक्नेछ ।

१५. **मुद्दा हेर्ने अधिकारी** : यस ऐन अन्तर्गतको मुद्दा मामिलाको शुरु कारवाई र किनारा गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई हुनेछ ।

१६. **पुनरावेदन** : दफा १५ बमोजिम प्रमुख जिल्ला अधिकारीले गरेको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले पैंतीस दिनभित्र सो निर्णय उपर ❑पुनरावेदन अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

१७. **नियम बनाउने अधिकार** : यस ऐनको उद्देश्य कार्यान्वित गर्न नेपाल सरकारले नियमहरु बनाउन सक्नेछ ।

---

❑ न्याय प्रशासन ऐन, २०४८ द्वारा संशोधित ।

द्रष्टव्य : ऐन लागू भएको मिति र स्थान :-

१. मिति २०४७।३।२८ को सूचनाद्वारा चिवतन, कास्की तथा रुपन्देही जिल्लाहरुमा सोही मिति देखि प्रारम्भ हुने गरी तोकिएको ।

२. मिति २०५४।५।२ को सूचनाद्वारा देहायका जिल्लाहरुमा सोही मिति देखि प्रारम्भ हुने गरी तोकिएको :-
(१) काभ्रे (२) सिन्धुपाल्चोक (३) नुवाकोट (४) धादि॰ (५) रसुवा (६) स्या॰जा (७) पाल्पा (८) तनहुँ (९) गोरखा (१०) गुल्मी (११) अर्घाखाँची (१२) वाग्लु॰ (१३) कपिलवस्तु (१४) नवलपरासी (१५) वारा (१६) रौतहट (१७) सर्लाही (१८) महोत्तरी (१९) धनुषा (२०) सिरहा (२१) सप्तरी (२२) झापा (२३) इलाम (२४) धनकुटा (२५) दा॰ (२६) बाँके (२७) बर्दीया (२८) सुर्खेत (२९) कैलाली (३०) कन्चनपुर ।